कोशी प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

विराटनगर, नेपाल

## प्रदेश प्रेस रजिष्ट्रारका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रकाशन मितिः २०८३/०३/०५

कोशी प्रदेश आमसञ्चार ऐन, २०८२ को दफा १२ बमोजिमको काम, कर्तव्य र अधिकार रहने गरी प्रदेश प्रेस रजिष्ट्रारका लागि देहाय बमोजिमको योग्यता भएका नेपाली नागरिकबाट आफ्नो वायोडाटा तथा तोकिएको कागजात समेत संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले सात दिन (मिति २०८३/०३/११ गते) कार्यालय समयभित्र मन्त्रालयको सञ्चार शाखामा आवेदन पेश गर्नु हुन मिति २०८३/०३/०४ गतेको प्रदेश प्रेस रजिष्ट्रार सिफिरिस समितिको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

<u>आवश्यक योग्यता:</u> कोशी प्रदेश आमसञ्चार ऐन, २०८२ को दफा ११ बमोजिमको प्रदेश प्रेस रजिस्ट्रारको योग्यता;

क) मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तीमा स्नातक तह उत्तीर्ण गरी पत्रकारिता, सञ्चार वा सूचना प्रविधि वा कानूनको क्षेत्रमा कम्तीमा बाह्र वर्ष वा सोभन्दा बढी कार्य अनुभव भएको,

ख) पैंतिस वर्ष उमेर पूरा भएको,

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

घ) नियुक्ति हुँदाका वखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

ङ) कुनै पनि विषयमा कालोसूचीमा नपरेको र प्रचलित कानूनले अयोग्य नठहरिएको।

पुनश्चः आवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्टलाई अन्तिम दिन मानिनेछ।

उपसचिव

Scanned with CamScanner